# ताराखोला गाउँपालिका
# आर्थिक वर्ष २०७७/०७८ को बजेट बक्तव्य

**सभा अध्यक्ष ज्यू**

विभिन्न काल खण्डमा भएका आन्दोलन, जनयुद्ध, जनआन्दोलनद्वारा स्थापित संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना भएपछि जारी संविधान बमोजिम स्थापित स्थानीय सरकारमा निर्वाचित भएको हामी चौथो वर्षमा प्रवेश गर्दैछौं । कानूनी नीतिगत तथा संस्थागत क्षमता र अनुभवको कमीले पहिलो वर्षको बजेट कार्यान्वयनमा अपेक्षित उपलब्धी हासिल गर्न नसकिएको तथा दोस्रो बजेट कार्यन्वयनको मध्य अवधि देखि विश्व व्यापी रुपमा फैलिएको कोभिड-१९ ( कोरोना भाईरस) का कारण लगभग ३ महिना देश बन्दा बन्दीको अवस्थामा रहेकोले बजेट कार्यन्वयनमा असर भएपनि चालु आर्थिक वर्षको अन्त्य सम्म सभाबाट स्वीकृत कार्यक्रमहरु सहज रुपमा कार्यन्वयन गर्न सकिने अपेक्षा गरेको छु ।

प्राकृतिक श्रोतहरुको समुचित उपयोग गरी रोजगारी सृजना गर्दै गरिबी निवारण गर्नु हाम्रो प्रमुख प्राथमिकता हो ।जटिल भौगोलिक संरचनाले सार्वजनिक पूर्वाधार निर्माण खर्चिलो हुने तथा बसाईसराईले सार्वजनिक पूर्वाधारमा गरिएको लगानीको प्रतिफल लिने जनसंख्या घट्दै जानु चिन्ताको विषय बनेको छ ।कृषि, पशुपालन र पर्यटन हाम्रा आर्थिक विकासका मूल क्षेत्रहरु हुन ।कृषि र पशुपालनलाई व्यवसायिक बनाई पर्यटन पूर्वाधार तयार गरी रोजगारी सृजना गरी गरिबी निवारण तर्फ बजेटलाई केन्द्रित गरेको छु ।

आर्थिक वर्ष २०७७\०७८ को नीति तथा कार्यक्रम यस सभाबाट स्वीकृत भईसकेको व्यहोरा यहाँहरुलाई अवगत नै छ । चालु आर्थिक वर्षमा सशर्त अनुदान सहित चालु खर्च तर्फ रु १३ करोड ७५ लाख, पुँजीगत तर्फ रु ९ करोड ९३ लाख ३२ हजार र वित्तिय व्यवस्था २ करोड १ लाख ९९ हजार ८ सय विनियोजन भई कुल २५ करोड ७० लाख ३१ हजार ८ सय बजेट कार्यन्वयनमा ल्याईएको थियो । यस आर्थिक वर्षको अन्त सम्ममा सशर्त अनुदान बाहेक चालु र पुँजीगत तर्फ विनियोजित रकम मध्ये २३ करोड २० लाख ९६ हजार ७ सय ६० रुपैया खर्च भई रु.२ करोड ४९ लाख ३५ हजार ४० रुपैया मौज्दात रहने अनुमान गरेको छु । आयोजनाहरुको छनौट र कार्यन्वयनको प्रकृयामा जनसहभागीतालाई प्रोत्साहन गरिएको भए पनि उपभोक्ता समितिले कार्य सम्पन्न गरि भुक्तानी लिन ढिला आउने कारण वित्तीय प्रगती अपेक्षित रुपमा नदेखिएको कुरा अवगत गराउन चाहन्छु ।

**सभाध्यक्षज्यू,**

अब आगामी आर्थिक वर्षको बजेटका प्रमुख उद्धेश्यहरु प्रस्तुत गर्न चाहान्छु ।

आ.व. २०७७\०७८ का बजेटका उद्देश्यहरुः

१. गाउँपालिकालिकाका प्रमुख सडकहरुमा बाह्रै महिना यातायातका साधन सञ्चालन गर्नु ।

२. गाउँपालिकामा समपुरक अनुदान, विशेष अनुदान तथा समानीकरण अनुदानद्वारा प्राप्त रकमबाट ठुला आयोजनाहरु कार्यन्वयन गर्नु ।

३. गाउँपालिकाको प्रमुख पुर्वाधारहरुको निर्माण गरी संरचना तयार गर्नु ।

४. कृषि र पशुपालनको माध्यमबाट रोजगारी सृजना गरी गरिवीको दर घटाउनु ।

५ अल्पकालिन रोजगार कार्यक्रम सञ्चालन गरी सामुदायमा आधारित आयोजनाहरु कार्यन्वयन गर्नु ।

६. आधारभुत स्वास्थ्यको सुनिश्चितता गर्दै महामारी रोग समुदायमा फैलिन नदिने ।

७. शिक्षाको  गुणस्तर अभिबृद्धि गर्नु ।

८. सामाजिक समावेशीकणरणको माध्यमबाट समाजमा पछि परेको वर्ग, लिंग, जातजातिहरुको जीवनस्तर सुधार गर्नु ।

**अब म आगामी आर्थिक वर्षमा उल्लेखित उद्देश्य परिपूर्ति गर्न बजेटका प्रमुख प्राथमिकताहरु प्रस्तुत गर्दछु ।**

१. सडक खानेपानी तथा भवन निर्माण सम्बन्धी पूर्वाधार

२. पर्यटन विकास

३. कृषि तथा पशुपालन

३. सशक्तिकरण र सामाजिक समावेशीकरण

४. संस्थागत क्षमता विकास

**सभाध्यक्ष ज्यू,**

अव म आगामी आर्थिक वर्षको कुल बजेट तथा क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु । आगामी आर्थिक वर्षमा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान रु २१ करोड ८८ लाख र राजश्व बाँडफाँड बाट रु ५ करोड ७२ लाख ४० हजार ९ सय ६० प्राप्त हुने भएको छ ।त्यसैगरी गण्डकी प्रदेश सरकार बाट रु २ करोड ७१ लाख ४ हजार रुपैया प्राप्त हुने भएको छ ।यस आर्थिक वर्षमा चालु र पूँजीगत तर्फबाट रु १ करोड ४९ लाख ५० हजार मौज्दात रहने अनुमान गरेको छु ।आन्तरिक आयलाई आगामी आर्थिक वर्षमा व्यवस्थित गरी कर र राजश्वको दायरा बृद्धि गर्ने योजना अनुसार आगामी आर्थिक वर्षमा आन्तरिक आम्दानी रु ३४ लाख ६० हजार अनुमान गरेको छु । नेपाल सरकारबाट शसर्त अनुदान तर्फ रु १३ करोड ६१ लाख प्राप्त हुने भएको छ । उल्लेखित अनुमानको आधारमा आगामी आर्थिक वर्षमा गाउँपालिकाको कुल आय रु.३३ करोड १५ लाख ४० हजार हुने अनुमान गरेको छु ।

## ताराखोला गाउँपालिका
## आर्थिक वर्ष २०७७/०७८ को बजेट बक्तव्य

**सभाअध्यक्ष ज्यू,**

**अब आगामी आर्थिक वर्षको प्रमुख कार्यक्रमहरु तथा क्षेत्रगत व्यय प्रस्तुत गर्दछु ।**

आगामी आर्थिक वर्षमा कर्मचारी तथा जनप्रतिनिधीहरुको सेवा सुबिधा तथा कार्यालय सञ्चालन लगायत प्रशासनिक चालु खर्च तर्फ रु ४ करोड ५३ लाख ५० हजार विनियोजन गरेको छु । आगामी आर्थिक वर्षमा सशर्त अनुदान सहित चालु तर्फ कुल रु. १८ करोड १४ लाख ५० हजार र पूजीगत तर्फ कुल रु.१४ करोड १० लाख ४ हजार ९ सय ६० रुपैया गरी आगामी आर्थिक वर्षमा कुल ३३ करोड १५ लाख ४० हजार रुपैया रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक वर्षमा गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख कार्यक्रम तथा क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

**१.आर्थिक विकास तर्फ**

आगामी आर्थिक वर्षमा आर्थिक विकास तर्फ कुल रु. ३ करोड ५ लाख ३५ हजार रकम विनियोजन गरेको छु ।कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण, विशिष्टीकरण गरी रोजगारी सृजना गर्ने उद्देश्यका साथ कृषक दर्ता व्यवस्थापन, कृषी तथ्याङ्कन अध्यावधिक, विभिन्न कृषि उत्पादनको पकेट कार्यक्रम संचालन, एकिकृत नमुना कृषी फार्म स्थापना, ५०% प्रतिशत अनुदानमा ओखरका विरुवा वितरण, मौसमी तरकारीका बिउ वितरण, जडीबुटी नर्सरी स्थापना लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु । कृषि उत्पादनलाई बजार सम्म पुऱ्याउन व्यवस्थित कृषि उपज संकलन केन्द्र र कोल्ड स्टोर निर्माणको लागि आवश्यक बजेटको ब्यबस्था गरेको छु । आगामी आर्थिक वर्षमा कृषि तर्फ गाउँपालिकाबाट विनियोजित रकम रु ८१ लाख ५० हजार र शर्सत अनुदानबाट प्राप्त रु १ करोड ४१ लाख गरी जम्मा २ करोड २५ लाख ५० हजार विनियोजन गरेको छु । पशुपालनलाई व्यवासायीक बनाई आयआर्जन बृद्धि गर्न स्थानीय जातका कुखुरा, गाई, भैसी, भेडा, बाख्रापालन सम्बन्धी तालिम दिन आवश्यक रकम विनियोजन गरेको छु ।पशु आहारको उत्पादन बृद्धि गर्न स्थानीय घाँसको नर्सरी स्थापनाको लागी अनुदान रकमको व्यवस्था गरेको छु । गाउँपालिकाद्वारा पशु औषधी निःशुल्क वितरणको व्यवस्था गर्न आवश्यक रकम विनियोजन गरेको छु । गाँउपालिका भित्रका सम्पूर्ण पशुपंक्षीको बिमामा थप ५०% अनुदानको ब्यबस्था गरी पशुधन सुरक्षाको प्रबन्ध मिलाएको छु ।गाई, भैसी, भेडा, बाख्रा तथा बंगुर पालन गर्न चाहने व्यवसायीक कृषकहरुलाई अनुदानको व्यवस्था मिलाएको छु ।आगामी आर्थिक वर्षमा पशु विकास तर्फ कुल रु.४७ लाख ८५ हजार रकम विनियोजन गरेको छु ।

ताराखोला गाउँपालिकामा आन्तरिक र बाह्य पर्यटक आकर्षण गर्ने पर्यटन पूर्वाधारमा आवश्यक रकम विनियोजन गरेको छु । गाउँपालिकामा रहेका मगर लगायत विभिन्न जातिहरुको परम्परागत संस्कृति झल्काउने गरी चालु आ.व. देखि निर्माण कार्यको थालनी भएको सांस्कृतिक संग्रालय निर्माणको लागि रु ४० लाख विनियोजन गरेको छु । विभिन्न पर्यटकीय स्थलहरुमा पदमार्ग निर्माण, पार्क निर्माण, धार्मिक स्थलहरुको संरक्षण पोखरी निर्माण, लगायत कार्यक्रमहरुमा आवश्यक रकम विनियोजन गरेको छु । द्वन्दकालमा गाउँपालिकाबाट सहादत प्राप्त गर्ने शहिदहरुको सम्झनामा गाउँपालिकामा शहिदहरुको **"शालिक सहितको शहिद पार्क"** निर्माण कार्यको थालनी गर्न रु ५ लाख बजेट बिनियोजन गरेको छु । गाउँपालिकाको विभिन्न स्थानहरुमा होमस्टे सञ्चालन गर्न आवश्यक अनुदानको लागि रु १० लाख विनियोजन गरेको छु । आगामी आ.व.मा पर्यटन विकासको लागि कुल. ७६ लाख रकम विनियोजन गरेको छु ।

गाउँपालिकामा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गरी रोजगारी श्रृजना गर्ने उद्देश्यले संघीय सरकार र प्रदेश सरकारको सहयोगमा चालु आर्थिक वर्ष देखि निर्माण शुरु गरिएको औधोगरिक ग्राम स्थापनाको लागि थप रु ३० लाख र साना उद्योग प्रवर्द्धनको लागि रु ५ लाख गरी उद्योग तर्फ कुल रु ३५ लाख बिनियोजन गरेको छु । गाउँपालिकामा नयाँ उद्यमी श्रृजना गर्ने तथा पुराना उद्यमीहरुको क्षमता विकास गर्न संघीय सरकार र गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरी रु ३४ लाख रकमको व्यवस्था गरेको छु । गरिवहरुको पहिचान तथा उत्पादनमुलक क्षेत्रमा शेयर लगानी गरी प्रतिफल लिने व्यवस्था मिलाउन **"गरीवसँग गाउँपालिका कार्यक्रम"** को लागि रु २५ लाख बजेट विनियोजन गरको छु ।

सहकारीलाई व्यवस्थित रुपमा सञ्चालन तथा संस्थागत क्षमता बृद्धि गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

## २. सामाजिक विकास

आगामी आर्थिक वर्षमा सामाजिक विकास तर्फ कुल रु.१ करोड ८४ लाख ५६ हजार रकम विनियोजन गरेको छु । सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार गर्न सामुदायिक विद्यालयसंग गाउँपालिका कार्यक्रमका लागि रु ५ लाख र गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रमका लागि रु ५ लाख विनियोजन गरेको छु । बालविकास केन्द्रका बालबालिकाहरुलाई दिवा खाजाको लागि आवश्यक रकम विनियोजन गरेको छु । प्रधानाध्यापकहरुलाई सञ्चार खर्चको लागि आवश्यक रकम विनियोजन गरेको छु । शिक्षकहरुलाई तालिम, विद्यार्थी छात्रवृति तथा Homework dairy को व्यवस्थाको लागि आवश्यक रकम विनियोजन गरेको छु । उत्कृष्ट सिकाई

उपलब्धी हासिल गर्ने विद्यार्थी र उत्कृष्ट शिक्षण गर्ने शिक्षकहरुलाई पुरस्कारको व्यवस्था गर्न आवश्यक रकम विनियोजन गरेको छु । सामुदायिक विद्यालयका कर्मचारी, कार्यालय सहयोगी र बाल विकास केन्द्रका सहजकर्तालाई पोषाक भत्ता उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु । स्थानीय पाठ्यक्रम निर्माण सम्भाव्यता अध्ययनको कार्यक्रम आगामी वर्ष देखि शुरु गरिने छ । अर्गल मा. वि. प्रजातन्त्र विकास मा.वि र दुर्गा भवानी मा.वि. मा शिक्षण सिकाई अनुदान रु १३ लाख विनियोजन गरेको छु । प्रतिभा पहिचान शैक्षिक क्यालेन्डर प्रकाशन, द्वन्द्व पिडित गरिब तथा जेहन्दार छात्रवृती, राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता कार्यक्रमहरुलाई निरन्तरता दिएको छु । अभिभावक विहिन बालबालिकाहरुलाई आवशीय विद्यालय कार्यक्रम सञ्चालन गर्न आवस्यक बजेटको व्यवस्था गरेको छु । विद्यालय तथा बाल विकास केन्द्रहरुको भौतिक निर्माण तथा मर्मतका लागि बजेटको व्यवस्था गरेको छु । आगामी आर्थिक वर्षमा शिक्षा तर्फ कुल रु. ९८ लाख २० हजार विनियोजन गरेको छु ।

युवाहरुलाई खेलकुदमा आवद्द गरी गाउँपालिका स्तरमा खेलकुद मैदान (रंगशाला) निर्माण गर्ने चालु आ.व. बाट शुरु भएको कार्यक्रमलाई आगामी आर्थिक वर्षमा कार्यन्वयन गर्न रु २५ लाख बजेटको व्यवस्था गरेको छु ।

निशुल्क औषधि वितरण तथा गाउँपालिकामा स्वास्थ्य प्रयोगशाला स्थापना गर्न र एनलाइजर खरिदको लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।स्वास्थ्य स्वयंमसेविकाहरुलाई यातायात तथा खाजा खर्च व्यवस्था गर्ने गरी आवश्यक रकम विनियोजन गरेको छु ।गाँउपालिकाका ४ वटै स्वास्थ्य चौकीको Birthing center मा Baby warmer को व्यवस्था गर्न रु ६ लाख रुपैया व्यवस्था गरेको छु । ल्याव तथा नर्सिङ स्टाफहरुको लागि जोखिम भत्ताको व्यवस्था गरेको छु । गाउँपालिकाका गरिब तथा विपन्न नागरिकहरुको लागि स्वास्थ्य विमा गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु । सुनौला हजार दिनका आमाहरुलाई गर्भ र बच्चा परिक्षण साथै स्वास्थ्य संस्थामा सुत्केरी हुन प्रोत्साहन गर्न पौष्टिक आहार वितरणको कार्यक्रमलाई निरन्तरता दिनको लागि रु २ लाख विनियोजन गरेको छु ।विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण नियन्त्रणको लागि खटिने स्वास्थ्यकर्मीहरुको लागि विमा तथा प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु । सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा विद्युतीय प्रणाली मार्फत विरामीहरुको स्वास्थ्य अभिलेख राख्नको लागि आवश्यक रकम विनियोजन गरेको छु । आगामी आर्थिक वर्षमा स्वास्थ्य तर्फ कुल ३९ लाख ८६ हजार रकम विनियोजन गरेको छु ।

गाउँपालिकाका महत्वपुर्ण बस्तीहरु अर्गल गाउँ पोखरा, गहिरा वासमर, सिर्खु, तारा गाउँ र बिसौनामा ढल निकासको व्यवस्था गरेको छु । जसको लागि रु १० लाखको व्यवस्था गरेको छु । आगामी वर्ष गाउँपालिका लाई सरसफाई युक्त गाउँपालिका घोषणाको लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।आगामी आर्थिक वर्षमा खानेपानी तथा सरसफाई तर्फ रु १९ लाख ५० हजार विनियोजन गरेको छु ।

स्थानीय संस्कृतिको प्रवर्द्धन र जगेर्ना गर्न आवश्यक रकम विनियोजन गरेको छु । ताराखोला गाँउपालिकामा प्रचलित जात्रा, मेला मन्दिर संरक्षणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु । संस्कृती प्रवर्द्धनको लागि कुल रु १ लाख ५० हजार बजेटको व्यवस्था मिलाएको छु ।

समुदायमा आधारित आयोजनाहरु सञ्चालन गरी पूर्वधार, कृषि तथा पर्यटन क्षेत्रमा कामको आधारमा पारिश्रमिक दिई बेरोजगारहरुलाई रोजगार प्रदान गर्ने कार्यक्रमको निमित्त रु ५१ लाख ७० हजार रकमको व्यवस्था मिलाएको छु ।आगामी आर्थिक वर्षमा युवाहरुलाई खेलकुदमा दक्ष बनाउनको लागि खेलकुद प्रशिक्षण कार्यक्रममा रु. ५ लाख विनियोजन गरेको छु । एकल र विपन्न वर्गका महिलाहरु र अति गरिव घरपरिवारको आयआर्जन बृद्धि गर्न आयआर्जन कोष अनुदावन र तालिम प्रदान गर्ने गरी लक्षित बर्गको कार्यक्रममा रु १० लाख रकम विनियोजन गरेको छु । महिलाहरुलाई तालिम, समूह गठनद्वारा सशक्तिकरण गर्न आवश्यक रकम विनियोजन गरेको छु । ज्येष्ठ नागरिकहरुलाई सम्मान, अपाङ्ग व्यक्तिहरुलाई सामाग्री खरिद, बालविवाह न्यूनिकरण गर्न आवश्यक कार्यक्रमको लागि रकम विनियोजन गरेको छु । आगामी आर्थिक वर्षमा लैंगिक समानता तथा सामाजिक समावेशिकरण तर्फ २५ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

### ३. पूर्वाधार निर्माण

आगामी आर्थिक वर्षमा पूर्वाधार निर्माणलाई रु. ६ करोड १३ लाख ९९ हजार रकम विनियोजन गरेको छु । प्रमुख सडकहरुमा बाह्रै महिना सवारी चल्ने गरी स्तरोन्नती गर्न आवश्यक रकम विनियोजन गरेको छु । गाउँपालिका गौरबको आयोजना तारागाउँ – करिमेला – सिप- म्याग्दी सडकको लागि रु. १ करोड र सिंजालीचोक – औलादी – सिप - चैतेथरी सडक स्तरोन्नतीको लागि रु. ३५ लाख विनियोजन गरेको छु । प्रदेश सरकारको साझेदारीमा घुस्मेली – भातखानेडाडा - सभाहल जोड्ने बाटो स्तरोन्नतीको लागि रु. १ करोड ६६ लाख ६६ हजार रकम व्यवस्था गरेको छु । गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि प्रदेश सरकारको साझरदारीमा रु १ करोड व्यवस्था गरेको छु । बहुउद्देश्यीय सभाहल निर्माण सम्पन्न गर्नको लागि गाउँपालिका तथा प्रदेश सरकारको साझेदारीमा आवश्यक रकम व्यवस्था मिलाएको छु ।गाउँपालिकाको वडा कार्यालयहरु निर्माणको कार्यलाई निरन्तरता दिन चालु आर्थिक वर्षमा काम शुरु गरिएको ४ नं. वडा कार्यालयको कार्य सम्पन्न गर्न रु ३३ लाख रकम विनियोजन गरेको छु साथै १ र ५ नं वडा कार्यालय भवन निर्माण कार्यको थालनी गर्नको लागि ४५ लाख रकम विनियोजन गरेको छु । भातखानेडाँडा देखि १ नं. वडा कार्यालय जोड्ने मोटरवाटो स्तरोन्नतीको लागि संघीय सरकारको साझेदारीमा रु १ करोड ३३ लाख ३३ हजार व्यवस्था गरेको छु । संघीय सरकारको विशेष अनुदान रु. ५० लाखबाट हरी मा.वि. को भवन निर्माणको व्यवस्था मिलाएको छु । अन्य

साझेदारी कार्यक्रमको लागि पर्याप्त समपुरक कोषको व्यवस्था गरेको छु । गाउँपालिका स्तरिय अन्य २२ बटा सडक स्तरोन्नतीको लागि १ करोड ६७ लाख रकम विनियोजन गरेको छु । गाउँपालिका भित्रका गोरेटो बाटो निर्माण तथा मर्मतको लागि रु. ६ लाख ५० हजार विनियोजन गरेको छु । बुङ्तीघाट कल्भर्ट निर्माणको लागि रु. १० लाख विनियोजन गरेको छु । पुर्वाधार तर्फ सडकमा रु ४ करोड २५ लाख ४९ हजार, सिँचाईमा रु ४ लाख, भवनमा रु १ करोड ७४ लाख ५० हजार , उज्यालो गाउँपालिका घोषणा कार्यक्रमको लागि रु ५ लाख र गलकोट एफ. एम. को सबस्टेशन स्थापनाको लागि रु ५ लाख बजेटको व्यवस्था गरेको छु

।

## ४ वातावरण तथा विपद व्यवस्थापन

वातावरण तथा विपद व्यवस्थापन गर्न विपद व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।आर्थिक वर्षमा वातावरण तथा विपद व्यवस्थापन तर्फ रु. १० लाख रकम विनियोजन गरेको छु । हाल कोभिड-१९ को कारण संक्रमण फैलिन नदिन क्वारेन्टिनमा रहेका व्यक्ति तथा दैनिक मजदुरी गर्ने व्यक्तिहरुको लागि गुजारा गर्न तथा भविष्यमा आईपर्ने विपदमा नागरिकहरुको उद्दार, राहत तथा पुनर्स्थापना गर्न विपद व्यवस्थापन कोषमा देश विदेशबाट तथा बिभिन्न संघ संस्थाहरुबाट सहयोग प्राप्त भईरहेको छ । विपद् व्यस्थापन कोषमा हाल सम्म रु ४३ लाख २९ हजार ६सय २५ जम्मा भएको छ ।

## ५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन

आगामी आर्थिक वर्षमा संस्थागत क्षमता विकासको लागि रु १ करोड ८ लाख विनियोजन गरेको छु । गाउँपालिका कार्यालय तथा वडा कार्यालयमा आवश्यक पर्ने मेसिनरी औजार खरिदको लागी रु १० लाख, सफ्टवेयर खरिद तथा जडानको लागि रु १५ लाख, फर्नीचर व्यवस्थापनको लागि रु २० लाख, ईन्जिनियरिङ सामाग्री खरिदको लागि रु ८ लाख विनियोजन गरेको छु । साथै तारखोला ईलाका प्रहरी कार्यालयमा थुनुवा कोठा निर्माणको लागि आवश्यक रकमको व्यवस्था विनियोजन गरेको छु । गाउँपालिकामा कार्यरत करार तथा अन्य स्थायी कर्मचारीहरुको अवकाश व्यवस्थापनको लागि आर्थिक सहयोग पुर्याउने उद्देश्यले कर्मचारी कल्याण कोषको व्यवस्था मिलाएको छु । वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी न्यायीक समितिका सदस्यहरुलाई तालिमको आयोजना गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

# ताराखोला गाउँपालिका
## आर्थिक वर्ष २०७७/०७८ को बजेट बक्तव्य

आगामी आर्थिक वर्षमा विनियोजन भएको चालु खर्चको विवरण तथा कार्यान्वयन हुने आयोजनाहरुको विवरण यसै साथ संलग्न गरी पेश गरेको छु साथै विनियोजन ऐनको कार्यपालिकाद्वारा स्वीकृत मस्यौदा तथा आर्थिक ऐनको मस्यौदा यसै साथ संलग्न गरेको छु ।

आगामी आर्थिक वर्षमा प्रदेश तथा नेपाल सरकारसँगको साझेदारीमा आयोजना कार्यान्वयन गर्न विशेष/समपूरक आयोजना र कोषहरुमा रु. ३ करोड ३० लाख रकम विनियोजन गरेको छु ।

उल्लेखित बजेट कार्यान्वयनबाट गाउँपालिकामा रहेका प्रमुख सडकहरुमा बाह्रै महिना सवारीसाधन गुड्ने अपेक्षा गरेको छु ।गाउँपालिकामा रहेका विपन्न, दलित, जनजाती, महिला हरुको आर्थिक सामाजिक स्तर सुधार, गाउँपालिकाका प्रमुख सार्वजनिक पूर्वाधारहरुमा निर्माण हुने अपेक्षा गरेको छु । गाउँपालिकाको पुर्वाधार, सामाजिक, आर्थिक लगायत क्षेत्रमा सशर्त तथा साझेदारी कार्यक्रममा सहयोग पुर्याउने सघीय सरकार र गण्डकी प्रदेश सरकार प्रति हार्दिक आभार व्यक्त गर्दछु । आगामी आर्थिक वर्षको प्रस्तुत बजेट तर्जुमा गर्न प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाअध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी साथीहरु, राजश्व परामर्श समितिका पदाधिकारीज्यूहरु, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका पदाधिकारीज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीज्यूहरु, राजनैतिक दलका पदाधिकारीहरु, पत्रकारहरु, शिक्षकहरु र गाउँपालिकाका सम्पूर्ण आम जनसमुदायहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

दिलकुमारी पुन
उपाध्यक्ष